STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

खोप: कोरोनाको पूर्ण रोकथाम होइन, यसले सुरक्षित हुन सघाउने मात्र हो ।
खोप लगाऔं, अनुशासित जीवनशैली अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ८ गते मंगलबार ❑ 24 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमाले एकताको अस्त्र : '१० बुँदे सहमति'

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौ**

नेकपा (एमाले)भित्रको विवाद मिलाउन अध्यक्ष केपीशर्मा ओली र मध्यमार्गीधारमा रहेका स्थायी कमिटीका सदस्यको नयाँ समझदारी पछि सो पार्टीका केन्द्रीय सदस्य मनकुमारी केसीले आफ्नो भावना यसरी व्यक्त गर्नुभयो, 'एकताका लागि लाग्ने अविचलित यात्रीहरूमा धन्यवाद र बाधाई।' नेतृ केसीले केहीदिन अघि गृहजिल्ला बाग्लुङको गल्कोटस्तरीय भेलामा विवादित दुवै पक्षलाई उपस्थिति गराएर एकताको पहल पनि गर्नुभएको थियो।

प्रतिनिधिसभा सदस्य केसीले जस्तै धेरै नेता-कार्यकर्ताले आज एमालेका शीर्ष तहमा गत असार २७ गते पार्टीको विवाद समाधान कार्यदलले तयार गरेको १० बुंदे सहमतिको प्रस्तावलाई आधार मानेर गतिविधि अघि बढाउने समझदारी भएपछि सो पार्टीभित्र उत्साहको सञ्चार गरेको छ । पार्टीमा दोस्रो तहका १० नेता सम्मिलित कार्यदलले दिएको सुझाव प्रतिवेदनमा वरिष्ठ नेता माधवकुमार नेपालले शक्ति बाँडफाँट र विगतमा भएका कमजोरीलाई नेतृत्वले महशुश गर्नुपर्ने अडान राखेपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको थिएन। अध्यक्ष ओलीले पनि आफ्नो नेतृत्वको सरकारलाई हटाएर विपक्षी गठबन्धन बनाएर नयाँ सरकार गठनका लागि हस्ताक्षर र सर्वोच्च अदालतमा पुग्नेजस्ता नेपाल पक्षका कार्य क्षम्य नहुने जनाउँदै आउनुभएको थियो । यही क्रममा अध्यक्ष ओली र नेता नेपाललाई मिलाउन कार्यदलमा रहेका उपाध्यक्ष डा भीमबहादुर रावल, संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङलगायतका नेता अनौपचारिकरूपमा सक्रिय भइरहनुभएको थियो । एमालेकैतर्फबाट वाग्मती प्रदेशमा नयाँ मुख्यमन्त्री हुनुभएका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले पनि आफू अध्यक्ष ओली र नेता नेपालको सल्लाहमा प्रदेश सरकारमा गएको र पार्टी छाड्न नसक्ने धारणा सार्वजनिक गरेपछि एकताका लागि थप दबाब पुगेको छ।

नेपालसँग विगतमा रहेका स्थायी कमिटीका बहुमत सदस्यले भने नयाँ पार्टीका पक्षमा नभई एमालेकै एकताका लागि निरन्तर पहल गरेपछि सोमबार अध्यक्ष ओलीको निवास बालकोटमा भएको छलफलमा मङ्गलबार स्थायी कमिटीको बैठक राखेर १० बुँदे कान्र्यावियनको ढाँचा र समय तालिकासहित प्रस्तुत हुन अध्यक्ष ओली तयार रहनुभएकाले बैठकले नेपालसहितका नेतालाई नयाँ पार्टी खोल्ने प्रक्रियाबाट फिर्ता हुन आह्वान गर्ने एमालेका सचिव योगेशकुमार भट्टराईलले बताउनुभयो । उहाँले त्यस्तो स्थितिमा नेता नेपालसहितको कारबाही फिर्ता हुन सहज हुने बताउनुभयो । एमालेका केन्द्रीय कार्यालयका सचिव शेरबहादुर तामाङका अनुसार मध्यमार्गी नेतासहितको सहभागितामा मङ्गलबार बिहान ११ बजे स्थायी कमिटीको बैठक बस्ने भएकाले यसले कार्यकर्तामा उत्साह पैदा गरेको बताउनुभयो । आजै नेता नेपालले राष्ट्रपति विद्यादेवी भण्डारीसँग गर्नुभएको भेट र उहाँ पक्षीय नेता चन्द्रागिरी हिल्स रिसोर्टमा छलफलका लागि जुट्नुले एमालेभित्रको एकता र विभाजनको प्रक्रियाले निर्णायकरूपमा लिने देखिएको छ।

नेपाल सरकारले पार्टी विभाजनका लागि केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत संख्या भए पुग्ने व्यवस्थाको खुकुलो कानून अध्यादेशमार्फत् ल्याइदिएपछि नेता नेपालले यही भदौ २ गते पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिनुभयो । सो निवेदनमाथि यही भदौ ९ गते सनाखत हुने तय भएको छ । एमालेले नेता नेपालसहित १४ प्रतिनिधिसभा सदस्यलाई पदमुक्त गर्न संघीय संसद् सचिवालयमा यही भदौ १ गते पत्र पठाएको थियो । गत वैशाख २७ गते तत्कालीन प्रधानमन्त्री एवम् पार्टीका अध्यक्ष केपीशर्मा ओलीलाई संसद्मा विश्वासको मत नदिएको आरोपमा तीन नेतालाई कारबाही गरिएको हो । एमालेले कारबाहीका लागि सिफारिश गरिएकामा जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरला यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरी रहनुभएको छ।

प्रतिनिधिसभाको विघटन र पुनःस्थापना, नेकपाभित्रको विवाद, एमाले र नेकपा (माओवादी केन्द्र) लाई पूर्ववत् स्थितिमा फर्काउने सर्वोच्च अदालतको फैसलायताका घटनामा एमालेभित्र विवाद उत्पन्न हुँदै आएको छ । सो १० बुँदे सिफारिशमा पार्टीका सबै कमिटी, निकाय र जनसंगठनलाई नवौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक कार्यदिशा र विधानको व्यवस्थाबमोजिम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुनुपूर्व २०७५ जेठ २ गतेको (जेठ ३ गतेको केन्द्रीय कमिटीमा मनोनयन गर्ने निर्णय)समेतलाई आधारमा मानी संगठनात्मक अवस्थाबाट क्रियाशील हुने उल्लेख छ। सहमतिमा २०७७ फागुन २३ गतेको सर्वोच्च अदालतको फैसलाबाट एमाले पुनःर्जीवित भएपछि वैधानिक व्यवस्था तथा एकतासँग मेल नखाने कुनै पनि तर्फका राजनीतिक र सांगठनिक काम कारवाही स्वतःबदर हुने, उक्त फैसलापछि एमालेमै रहने निर्णयमा पुगेका तत्कालीन नेकपा (माओवादी केन्द्र)का रामबहादुर थापालगायत नेतालाई स्वागत गर्दै नेकपामा रहँदाका स्थायी कमिटी र केन्द्रीय कमिटीमा रहेका ती नेतालाई सोही कमिटीमा रहने निर्धारण गरिएको छ।

एमालेका अध्यक्ष ओली र वरिष्ठ नेता नेपालबीच गत जेठ २ गतेको सहमतिका आधारमा गठित १० सदस्यीय कार्यदलमा संसदीय दलका उपनेता नेम्वाङ, उपाध्यक्ष डा. रावल, उपमहासचिवद्वय विष्णुप्रसाद पौडेल र घनश्याम भुसाल, सचिवद्वय प्रदीपकुमार ज्ञवाली र गोकर्णराज विष्ट, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे, शंकर पोखरेल, विष्णु रिमाल र रघुजी पन्त हुनुहुन्थ्यो भने उपाध्यक्ष युवराज ज्ञवाली, सचिव भीम आचार्य र भट्टराईलगायतले अनौपचारिकरूपमा उक्त सहमतिको कार्यान्वयनमा जोड दिँदै आउनुभएको थियो।

## गण्डकी प्रदेशमा २६९ संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौ**

गण्डकी प्रदेशमा २६९ कोरोना सङ्क्रमित थपिएका छन् । पछिल्लो २४ घण्टामा प्रदेशमा चार संक्रमितको मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

योसँगै हालसम्म गण्डकी प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार २४३ जना पुगेको छ। मृत्यु हुनेमा स्याङ्जाको गल्याङ नगरपालिका-३ का ६८ वर्षीय पुरुष छन् भने कास्कीका तीन जनामध्ये पोखरा महानगरपालिका- १० की १०२ वर्षीय महिला, वडा नं १५ की ३५ वर्षीय महिला र वडा नं २६ का ८२ वर्षीय पुरुष रहेको गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

निर्देशनालयको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा ६५४ संक्रमित निको भएका छन् । प्रदेशमा चार हजार २१० होमआइसोलेशनमा छन्। प्रदेशमा सक्रिय संक्रमितको संख्या चार हजार ५७८ पुगेको निर्देशनालयले जनाएको छ।

## एक हजार ८०१ संक्रमित, २४ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौ**

बितेका २४ घण्टामा एक हजार ८०१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। नयाँ बिरामी थपिएसँगै देशभर संक्रमितको संख्या आठ लाख २९ हजार ४४३ पुगेको छ।

थप आठ हजार ७०४ जनाको पीसीआर परीक्षण तथा दुई हजार ६२२ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पीसीआर विधिबाट एक हजार ५४८ तथा एन्टिजेनबाट २५३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

हालसम्म सात लाख ९७ जना कोरोनाबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर एक हजार ९२४ संक्रमित निको भएर घर फर्किएका छन्। निको हुने दर ९३ दशमलव पाँच प्रतिशत रहेको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार ३५१ रहेको छ।

बितेका २४ घण्टमा देशभर १२ हजार ३४४ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर ६७९ संक्रमितको सघन उपचार कक्षमा तथा १७६ संक्रमितको उपचार भेन्टिलेटरमा भइरहेको छ । काठमाडौं उपत्यकामा पछिल्लो

बाँकी अन्तिम पृष्ठमा ▶▶

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !
प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।
कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## अबिलर बर्षादको कारण पोखरामा ६ सय कालिजका चल्ला मरे

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौ**

लगातार करिब १४ घण्टासम्म पानी पर्दा पोखराको एक कालिज फार्ममा एक दिन अघि मात्र खुल्ला आकास मुनिको खोरमा छाडेका कालिजका चल्ला मरेका छन् ।

अविलर बर्षादको कारण पोखरा महानगरपालिका वडा नम्बर ११ स्थित काहुँडाँडा धराहरा नजिक रहेको ससु कालिज फार्मका ६ सय ११ वटा कालिजका चल्ल मरेको कालिज फार्म संचालक युवा व्यवसायी सुवास गुरुङले बताए।

करिब १ हजार १ सय कालिजका चल्ला पहिलो लटमा हालेका उनले मौसमको ख्याल गर्न नसक्दा पहिलो गाँसमै ढुंगा जस्तै पहिलो लटमै नराम्रोसंग क्षति व्यहोर्नु परेको छ । ९७ दिनको दिनमा उक्त चल्ला पर्दा आफ्नो करिब १७ लाख मुल्य बराबरको क्षति भएको उनले अनुमान गरेका छन्। कोठामा राखेर हुर्काका चल्ला लगातार १४ घण्टाको पानीले गर्दा एक्कासि खुल्ला आकासमा छाड्दा कालिजका चल्ला मर्न गएको सुवासले जनाए। गुरुङले भने "९६ दिनसम्म कोठामा राखेर हुर्काका चल्ला खुल्ला आकास मुनिको खोरमा छाडेको केही घण्टामै लगातार पानी परेको कारण ६ सय भन्दा बढी चल्ला मरेका छन् ।"

पोथीले अण्डा पार्न थाले पछि कालिजको मासु खान उपयुक्त हुने बताएका उनले बाँकी रहेका चल्लालाई बचाउन आफुले पहल गर्ने जनाए। विगत केही बर्ष देखि व्यवसायीक रुपमा बाख्रा पालन गर्दै आएका सुवासले पछिल्लो समयमा कालिजको माग बढेसंगै कालिज पालन व्यवसाय गर्न कसिएका हुन्। उनले भने "यो मेरो पहिलो प्रयास हो, केही छैन यो मेरो लागि पाठ हो, भोलिका दिनमा यस्ता कुरालाई ख्याल गदै म अघि बढ्ने छु, मैले जसरी मौसमलाई ख्याल नगरी कसैले चल्ला नछोड्नु होला ।" आफुहरुसंग करिब ६ रोपनीको कालिज खोर भए पनि हाल एक तिहाई भाग मात्र प्रयोग गरिएको उनले जनाए । यसैबिच, पोखरामा केही बर्ष देखि कालिज पालन व्यवसाय संचालन गर्दै आएका तुलसी कुन्ज इको एण्ड वाइल्ड भिलेज प्रा.लि.संचालक मध्यका एक धुर्व बहादुर थापाले कालिजलाई खुल्ला आकास मुनिको खोरमा छाड्दा पानी नपर्ने मौसम हेरी बुझेर मात्र छाड्नु पर्ने अन्यथा चल्ला मर्ने सम्भावना हुने उनले बताए । गत बर्ष आफुहरुले समेत पानी पर्दा कालिजका चल्ला छाड्दा करिब एक सय ५० वटा चल्ला मरेको उनले जनाए । घर तथा कोठामा हुर्काइएका चल्ला खुल्ला आकास मुनिको खोरमा छोड्दा कम्तीमा केही हप्ता पानी नपर्ने वा लगातार पानी पर्ने दिनमा चल्ला छाड्न नहुने थापाले बताए।

थापा सहितको टोलीले पोखरा १८ को फेवाताल नजिक पखौपी स्थित रातमाटेमा र भकुण्डेमा समेत विगत तीन बर्ष देखि कालिज पालन व्यवसाय सुरु गर्दै आएका छन्।

## निर्धारित मितिमै कांग्रेस महाधिवेशन गर्न जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौ**

नेपाली कांग्रेसका नेताहरूले निर्धारित मितिमै पार्टीको १४औँ महाधिवेशन हुनुपर्नेमा जोड दिएका छन् । पार्टीको संस्थापन इतर पक्षका नेताहरूको सोमबारको बैठकले क्रियाशील सदस्यताको काम केन्द्रीय कार्य समितिको बैठकले निर्धारण गरेको मितिभन्दा ढिला भएकामा ध्यानाकर्षणसमेत भएको जनाएको छ।

बैठकमा निर्धारित समयमै क्रियाशील सदस्यताको काम र महाधिवेशन हुनुपर्ने तथा आफ्नो पक्षबाट महाधिवेशनमा सभापतिको साझा उम्मेदवार बनाउने विषयमा छलफल भएको नेता बलबहादुर केसीले जानकारी दिनुभयो । नेताहरूबीच पार्टीको सैद्धान्तिक र सङ्गठनात्मक रूपमा गर्नुपर्ने विविध विषय र भावी दिनमा पार्टीलाई थप सशक्त नेतृत्वको आवश्यकताका बारेमा छलफल भएको थियो।

बैठकमा वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री डा शशाङ्क कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह, नेता डा रामशरण महत, अर्जुननरसिंह केसी, केसी, सुजाता कोइराला, शेखर कोइराला उपस्थित हुनुहुन्थ्यो।



# प्राकृतिक विपत्तिलाई राहत सहयोग

श्रीकृष्ण सिग्देल
**स्याङ्जा, ७ भदौ**

वालिङ नगरपालिका भित्र रहेका प्राकृतिक विपत्तिमा परेका पिडितलाई राहत वितरण गरिएको छ । सामुदायीक बन उपभोक्ता महासंघ स्याङ्जाको अनुरोधमा एशोसिएसन अन्नपुर्ण नेपाल स्वीस नामक संस्थाले प्राकृतिक विपत्तीमा परेका पिडितलाई राहत सहयोग गरेको हो।

बाढीपहिरोबाट घरवार बिहिन, विस्थापित र अति विपन्न २५ घरपरिवारलाई चामल, दाल, नुन र तेल राहत सहयोग वितरण गरिएको सामुदायीक बन उपभोक्ता महासंघ वालिङ नगरल समितिका अध्यक्ष कमलप्रसाद गैह्रेले जानकारी दिए। मानव सेवा नै सबै भन्दा ठुलो धर्म हो भन्ने नारा बोकेको एशोसिएसन अन्नपुर्णले गण्डकी प्रदेशका विभिन्न जिल्लामा बाढी पहिरोकबाट कारण विस्थापित भएका पिडितलाई राहत वितरण गर्ने क्रममा स्याङ्जा आइपुगेको बताइएको छ। वालिङ नगर उपप्रमुख कल्पना तिवारीको



रोहवरमा संस्थाले नगर भित्र रहेका बाढीपिडतलाई राहत वितरण गरेको थियो।

प्राकृतिक विपत्तीमा परिवार सहित घर गुमाएका पिडितलाई राहत वितरणले केही हदसम्म भएपनि गर्जो टरेको उपप्रमुख तिवारीले बताइन् । वालिङ नगरपालिकाले पनि बाढीपिडित नागरिकलाई खाद्यन्न, स्वास्थ्य र बासको व्यवस्थापन गरेको जानकारी दिदै उपप्रमुख तिवारीले प्राकृतिक विपत्तीमा वालिङ नगरपालिकाले ठुलो क्षती व्यहोरेको बताइन् । प्राकृतिक विपत् चाहेर आउने होइन उपप्रमुख तिवारीले भनिन्,'यसको सामाना गर्ने सामार्थ्य हामी सगँ हुनुपर्छ ।' दुखको बेला राहत आवश्यकता परेपनि बिस्तारै नयाँ जिवनमा फकुर्न हाम्रो पनि कर्तव्य हुनेछ उनले भनिन्। पिडितलाई राहत सहयोग गर्ने संस्था र समन्वय गर्ने बन उपभोक्ता संस्थालाई तिवारीले धन्यवाद दिइन् । राहत वितरणमा बन उपभोक्ता महासंघ गण्डकी प्रदेश सदस्य ऋषिराम काफ्ले, रेडियो आँधीखोलाका अध्यक्ष नेत्रप्रसाद पाण्डे, समाजसेवी भुपराज वगाले, महासंघका उपाध्यक्ष दिपेन्द्र गैहे, संस्थाका अञ्जली क्षेत्री र सन्तोषी जीसि लगायतले विपत्मा परेका नागरिकलाई सहयोग गर्नु नै धर्म भएको बताएका थिए।

वालिङ नगरपालिकाका हरेक वडाका बाढीपिडितलाई राहत वितरण गरिएको थियो। वालिङ १ मा ५ जना, २ मा २ जना, ८ मा ४ जना, ९ मा १ जना, १० मा १ जना, १३ मा ३ जना, १२ मा १ र १४ वडामा ७ जनाले राहत पाएका हुन्। गतबर्ष वालिङ नगरपालिकामा मानवीय क्षती सहित दर्जनौ घरवार विहिन भएका थिए । एसोसिएसन अन्नपुर्ण संस्थाले मानव सेवा मार्फत आमाबुवा गुमाएका वालवालिकालाई लालनपालन र अध्ययन गराउदै सडक बालवालिकाको सेवारत काम गर्दै आएको संस्थाका सह संचालक श्यामलाल रोकाले बताए।




पोखरामा भ्वाङ पर्ने क्रम रोकिएनः पोखराका विभिन्न ठाँउमा बर्षादको समयमा भ्वाङ पर्ने क्रम यस बर्ष पनि निरन्तर रहेको छ। पोखरामा पछिल्लो समयमा पोखराको महेन्द्रपुल सेलवेज डिपार्टमेन्टल स्टोर्सको गेट अगाडी अर्थात गरिमा विकास बैंक महेन्द्रपुल शाखा कार्यालयको अगाडिको पेटि सहितको भागमा भ्वाङ परेको हो। फोटो : पोखरापत्र

# आठमहिने बालिकासहित एकै परिवारका तीनले गरे आत्महत्या

**रासस**
**झापा, ७ भदौ**

कनकाई नगरपालिका-१ रमाइलो टोलमा आठ महिनाकी बालिकासहित एकै परिवारका तीन जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमा ४० वर्षीय रवीन विश्वकर्मा, उनकी २९ वर्षीया श्रीमती मुना विश्वकर्मा र आठ महिनाकी छोरी रुविना विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उनीहरुलाई आफ्नै घरभित्र सोमबार बिहान झुण्डिएको अवस्थामा फेला पारेको प्रहरीले जनाएको छ। मुनाले आठ महिने छोरीलाई छातीमा टाँसेर बर्कीले बाँधेर झुण्डिएको अवस्थामा रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताउनुभयो । मृतक रवीन वैदेशिक रोजगारीमा जानका लागि केही दिन पहिले काठमाडौँसम्म गएको तर कोरोना पोजेटिभ देखिएका कारण फर्किएर आएको स्थानीयवासीले बताएका छन्।

स्थानीयवासीका अनुसार रवीन वैदेशिक रोजगारमा स्थानीय युवालाई पठाउने एजेन्टका रुपमा काम गर्दै आएका थिए। आत्महत्या गर्नुपर्ने कारण खुल्न नसकेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# घाटा बढेको भन्दै पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**रासस**
**काठमाडौं, ७ भदौ**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। बढेको मूल्य सोमबार राति १२ बजेदेखि लागू हुनेछ । निगमका अनुसार पेट्रोलमा प्रतिलिटर रु दुई तथा डिजल र मट्टीतेलमा पनि प्रतिलिटर रु दुई नै वृद्धि गरिएको छ।

नयाँ मूल्यअनुसार अब पेट्रोल प्रतिलिटर रु १३० पुगेको छ। यस्तै डिजल र मट्टीतेल प्रतिलिटर रु ११३ पुगेको छ। यसअघि पेट्रोल प्रतिलिटर रु १२८, डिजल र मट्टीतेल प्रतिलिटर रु १११ मा बिक्री हुँदै आएको थियो। निगमले खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर रु २५ ले वृद्धि गरेको छ। यसअघि प्रतिसिलिण्डर रु एक हजार ४२५ मा कारोबार हुँदै आएको ग्यास अब रु एक हजार ४५० पुगेको छ। आन्तरिकतर्फको हवाई इन्धनको मूल्यसमेत प्रतिलिटर रु दुईले वृद्धि भई रु ८६ पुगेको छ। अन्तर्राष्ट्रिय हवाई इन्धनतर्फ प्रतिकिलो १६ डलरले वृद्धि गरी ७७० अमेरिकी डलर कायम गरिएको छ । मूल्य बढाउँदा समेत पेट्रोलमा प्रतिलिटर ८ रुपैयाँ ४२ पैसा, डिजलमा प्रतिलिटर २ रुपैयाँ ६४ पैसा र ग्यासमा प्रतिसिलण्डर ४२० रुपैयाँ ७५ पैसा घाटा रहेको निगमको जिकिर छ । निषेधाज्ञा जारी रहेको अवस्थामा पछिल्लो १५ दिनमा मात्रै निगमलाई रु ९६ करोड नौ लाख घाटा हुने देखिएको छ। निगमका अनुसार पेट्रोलमा कूल रु १९ करोड, डिजलमा रु १९ करोड छ लाख र खाना पकाउने एलपी ग्यासमा रु ६२ करोड २२ लाख बराबरको घाटा रहेको छ। इण्डियन आयल कर्पोरेशनबाट प्राप्त पछिल्लो मूल्य सूचीअनुसार पछिल्लो १५ दिनमा रु एक अर्ब १५ करोड २२ लाख बराबरको घाटा हुने देखिएपछि मूल्य वृद्धि गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । भारतीय सीमा क्षेत्रमा पेट्रोल प्रतिलिटर ४१ रुपैयाँ १९ पैसा, डिजल प्रतिलिटर ४४ रुपैयाँ ४ पैसा नेपालतर्फ सस्तो रहेको छ।

# एक हजार...

समय ७०८ संक्रमित थपिएका छन् । काठमाडौँमा ४४१, ललितपुरमा १६७ तथा भक्तपुरमा १०० जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । काठमाडौँमा हाल सक्रिय संत्रलमितको संख्या सात हजार १८२, भक्तपुरमा एक हजार ४११ तथा ललितपुरमा दुई हजार २४० रहेको छ। पछिल्लो समय देशमा कोरोना भाइरसको संक्रमणबाट थप २४ संक्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाउनेको संख्या १० हजार ५३३ पुगेको मन्त्रालयले जनाएको छ।

# 'सभामुखलाई धम्कीपूर्ण अभिव्यक्ति लोकतान्त्रिक प्रणालीविरुद्ध'

**रासस**
**काठमाडौं, ७ भदौ**

प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने नेपाली काँग्रेस, नेकपा(माओवादी केन्द्र) लगायतका दलले सभामुख अग्निप्रसाद सापकोटमाथि नेकपा(एमाले)का सांसदहरुले यही भदौ ३ र ४ गते उहाँको कार्यकक्षमा देखाएको व्यवहारको निन्दा गरेका छन्।

ती दलका तर्फबाट आज जारी गरिएको संयुक्त विज्ञप्तिमा सभामुखको कार्यकक्षमा प्रमुख प्रतिपक्षी दल एमालेका सांसदले सभामुखलाई लक्षित गरी दिएको संसदीय मर्यादाविपरीत बल प्रयोग जस्ता धम्कीपूर्ण अभिव्यक्ति र सोही दिन प्रमुख विपक्षी दलका नेताले सार्वजनिकरुपमा सञ्चारमाध्यममा दिनुभएको धम्कीमूलक अभिव्यक्तिप्रति आफूहरुको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ । नेपालको संवैधानिक व्यवस्थाअनुसार सभामुख पद व्यवस्थापिकाको प्रमुख हुनाका साथै सङ्घीय संसद्को संरक्षक पनि भएको जनाउँदै संयुक्त विज्ञप्तिमा सभामुखविरुद्धका धम्कीपूर्ण अभिव्यक्ति वर्तमान संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रणालीविरुद्धका हुन् भनिएको छ । संवैधानिक व्यवस्थाको रक्षा गर्नु सबै सांसदको दायित्व रहेको उल्लेख गर्दै विज्ञप्तिमा सभामुखविरुद्ध दिइएको धम्कीपूर्ण अभिव्यक्तिप्रति घोर आपत्ति प्रकट गर्दै संवैधानिक मर्यादाको अवलम्बन गर्न आग्रह गरिएको छ। यसरी संयुक्त विज्ञप्ति जारी गर्नेमा काँग्रेसका सचेतक पुष्पा भुसाल, माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ, जनता समाजवादीका सांसद प्रदीप यादव, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेल र प्रतिनिधिसभा सदस्य जीवनराम श्रेष्ठ हुनुहुन्छ।

आफ्नो पार्टीले कारवाही गरेका १४ सांसदलाई कारवाही नगरेको भन्दै एमालेका सांसद यही भदौ ३ र ४ गते सभामुखको कार्यकक्षमा धर्ना बसेका थिए । सो क्रममा सभामुखले अरु दलका सांसदलाई तत्काल कारवाही गरेको भए पनि एमालेकालाई जोगाएको भन्दै आपत्ति जनाइएको थियो। सोही क्रममा केही सांसदले अर्मादित व्यवहार गरेको सभामुखको सचिवालयले जनाएको थियो।




# साउनमा १४२ मानव अधिकार उल्लङ्घनका घटना

**रासस**
**काठमाडौं, ७ भदौ**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत साउनमा १४२ मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटना भएका जनाएको छ।

इन्सेकले सोमबार सार्वजनिक गरेको मासिक विश्लेषण प्रतिवेदनअनुसार १०८ महिला र ३४ पुरुषमाथि मानव अधिकार उल्लङ्घनका घटना भएका हुन्। इन्सेकले गरेको अध्ययनअनुसार राज्यपक्षबाट चार र अन्य पक्षबाट १३८ पीडित भएका जनाएको छ। त्यसमध्ये प्रदेश नं १ मा २५, प्रदेश नं २ मा ४९, लुम्बिनी प्रदेशमा १९, गण्डकी प्रदेशमा १७, कर्णाली प्रदेशमा १५, वाग्मती प्रदेश र सुदूरपश्चिम प्रदेशमा छ/छ जना पीडित भएका छन्। साउनमा पत्नी हत्याका नौ, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको एक, हिरासतमा मृत्युका दुई, एक मानव अधिकार रक्षकसहित नौ जनालाई कुटपिट गरिएको, जातीय विभेदका घटना तीन, पुरुषलाई गरिएको यौन दुर्व्यवहारको घटनामा एक र १५ घाइते भएको प्रतिवेदनमा उल्लेख छ । तीमध्ये बाल अधिकार उल्लङ्घनका घटना ५१ भएको प्रवितेदनमा छ। अभिलेखित घटनामध्ये बलात्कार ३९, यौन दुर्व्यवहार १०, बेचबिखन एक र बेचबिखन प्रयासको घटना एक भएको इन्सेकले जनाएको छ। यस्तै महिला अधिकार उल्लङ्घनका घटना ३९ भएको अध्ययनले देखाएको छ। बलात्कारका घटना २०, बलात्कार प्रयास पाँच, यौन दुर्व्यवहार तीन, जबर्जस्ती यौन कार्यमा लगाइएको एक, एसिड प्रहार एक, 'बोक्सी' आरोप एक र घरेलु हिंसा तीन भएको इन्सेकको उक्त प्रतिवेदनमा उल्लेख छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनाङमा पनि बेरुजु, विद्यार्थी नै नभएका विद्यालयमा शिक्षकलाई तलब

–नवीन लामिछाने
मनाङ, ७ भदौ

मनाङका स्थानीय तहमा पनि बेरुजु रकम देखिएको छ। यहाँका चारवटै पालिकामा बेरुजु रकम देखिएको छ र यो बेरुजु सबैभन्दा धेरै शिक्षा क्षेत्रमा देखिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिसँगै भवन निर्माण भइरहेको भए पनि निर्माणका क्रममा अनियमितता बढ्दो देखिएको हो।

नेपालको विकट जिल्ला मानिने मनाङको शैक्षिक गुणस्तर वृद्धि र सामुदायिक भवन निर्माण तथा अनुदानमा अनियमितता रहेको पाइएको छ। महालेखा परीक्षकको कार्यालयद्वारा हालै सार्वजनिक गरिएको ५८औं लेखा परीक्षण प्रतिवदेनमा आवश्यक कागजात तथा सकल बिल भरपाई पूरा नहुँदा यहाँ अनियमितता बढ्दै गएको पाइएको उल्लेख छ।

आर्थिक वर्ष २०७६/०७७ मा सदरमुकाम चामे गाउँपालिकामा रु दुई करोड २३ लाख ७५ हजार बेरुजु देखिएको छ। त्यसमध्ये असुल गर्नुपर्ने रु सात लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २१ लाख ९३ र नियमित गर्नुपर्ने रु एक करोड ९४ लाख ४० हजार बेरुजु रहेको छ। सो प्रतिवेदनमा गाउँपालिकाले लोकप्रिय माविको आवासीय भवन निर्माणका लागि रु ३९ लाख पेश्कीमा ६१ लाख ७५ हजार भुक्तानी गरेको पाइएको छ।

माथिल्लो मनाङ डिस्याङ गाउँपालिकामा दुई करोड १० लाख १४ हजार बेरुजु देखिएको छ। यसमध्ये असुल गर्नुपर्ने रु ३८ लाख ९४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४८ लाख ६८ हजार र नियमित गर्नुपर्ने रु एक करोड चार लाख ५२ हजार र पेश्की रु १८ लाख बेरुजु देखिएको छ। महालेखा परीक्षणका अनुसार डिस्याङले पनि विद्यालय अनुदानमा बढी भुक्तान गरेको र पेश्की फछ्र्योट नभएको देखाएको छ। मनाङको प्रवेशद्वार नासो गाउँपालिकामा रु दुई करोड ३५ लाख ७६ हजार अनियमिता भएको पाइएको छ। यसमध्ये असुल गर्नुपर्ने रु १२ लाख ७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु एक करोड चार लाख २४ हजार, नियमित गर्नुपर्ने रु एक करोड १८ लाख ८१ हजार बेरुजु छ। गाउँपालिकाले विद्यालय अनुदानमा रु ३० लाख ३१ हजार ४३० खर्च गरेकामा बिल भरपाई प्रतिवेदनमा पेश नभएको महालेखा परीक्षणमा देखिएको उल्लेख छ। नासोंको भ्रमण खर्चमा अनियमितता भएको प्रतिवेदनमा देखिएको छ। त्यस्तै हालसम्म पनि सडक सञ्जालले छुन नसकेको गाउँपालिका नार्पा भूमिमा रु दुई करोड ७३ लाख छ हजार बेरुजु भएको प्रतिवेदनले देखाएको छ। त्यसमध्ये असुल गर्नुपर्ने रु २० लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु एक करोड दुई लाख ३० हजार, नियमित गर्नुपर्ने रु एक करोड ५० लाख आठ हजार बेरुजु देखिएको छ। गाउँपालिकाले पेश्की फछ्र्योट तथा बेरुजु संपरीक्षण गर्नुपर्ने भए पनि नगरेको पाइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

**विद्यार्थी नै नभएको विद्यालयका शिक्षकलाई तलब**

विद्यार्थी नै नभएको विद्यालयमा शिक्षक नियुक्त र तलबभत्ता वितरण गरिएको पाइएको छ। महालेखा परीक्षणको ५८औं प्रतिवदेनका अनुसार विद्यार्थी नभएको विद्यालयमा करार दरबन्दीको शिक्षक नियुक्त गरिएको पाइएको छ।

प्रतिवेदनमा विद्यार्थी नभएको विद्यालयमा करार दरबन्दीका शिक्षक नियुक्त गर्नुका साथै निकासा गरेको उल्लेख छ। मनाङको फु आधारभूत विद्यालयमा बालविकासबाहेक अन्य विद्यार्थी छैनन् तर गाउँपालिकाले विद्यालयका दुई स्थायी र एक करार गरी तीन शिक्षकको तलबभत्तालगायतका सुविधाका लागि वार्षिक रु १२ लाख ६५ हजार निकासा गर्दै आएको प्रतिवेदनमा पाइएको छ।

त्यस्तै डिस्याङ गाउँपालिकाअन्तर्गतको ङावल आधारभूत विद्यालयमा विद्यार्थी नै नभएको र विद्यालयका आठ स्थायी शिक्षकका लागि तलबभत्तालगायतका सुविधा दिइएको प्रतिवेदनमा पाइएको छ। शिक्षकको तलबभत्तासहितको सुविधाबापत गाउँपालिकाले वार्षिक रु ३५ लाख ८६ हजार निकासा गरेको प्रतिवेदनमा देखिएको छ। यी र यस्तै कार्यले गर्दा स्थानीय तहमा बेरुजु बढ्दो देखिएको हो।

# वैवाहिक स्वर्णजयन्तीमा पोखरा वृद्धाश्रममा अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौ



समाजका विपन्न एवं असहाय ज्येष्ठ नागरिकको स्याहारसुसार तथा उपचारमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यहाँको एक जोडीले आफ्नो वैवाहिक स्वर्ण जयन्तीको अवसर पारेर पोखरा वृद्धाश्रममा अक्षयकोष स्थापना गर्नुभएको छ।

पोखरा महानगरपालिका-९ निवासी दीपक बाटाजु र श्रृजना बाटाजुले वैवाहिक स्वर्णजयन्तीको उपलक्ष्यमा स्वर्गीय बुबाआमा गोकुललाल र मानकुमारी बाटाजुको स्मृतिमा रु छ लाख ५१ हजार पाँचको अक्षयकोष स्थापना गर्नुभएको हो। पोखरा वृद्धाश्रममा आज आयोजित एक कार्यक्रममा बाटाजु परिवारले उक्त रकम बराबरको चेक आश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीलाई हस्तान्तरण गऱ्यो।

कार्यक्रममा अक्षयकोषदाता बाटाजुले कोरोना कहरका कारण नेवार समुदायले परम्परागतरूपमा पोखरा बजारमा निकाल्दै आएको गाईजात्रा नाच यस वर्ष ननिकाले पनि आफुले सोही अवसर पारेर स्वर्गीय आमाबुबाको नाममा अक्षयकोष स्थापना गरेको जानकारी दिनुभयो। वृद्धाश्रमद्वारा सञ्चालन गर्ने लक्ष्यका साथ स्थापित सो कोषको ब्याजबाट आश्रममा आश्रित ज्येष्ठ नागरिकलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उहाँले शुभकार्यमा अन्य फजुल खर्च गर्नुभन्दा आश्रममा सहयोग गर्दा आफूलाई आत्मसन्तुष्टि मिलेको धारणा राख्नुभयो। वृद्धाश्रमका अध्यक्ष पराजुलीले दाताको सहयोगबाट सञ्चालित आश्रममा वृद्धवृद्धा एवं सेवकसेविकासहित ५५ जना आश्रित छन्। उहाँले विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसका कारण आश्रम सञ्चालनसँगै आमाबुबालाई जोगाउन स्वास्थ्य मापदण्ड अपनाइएको बताउनुभयो। वृद्धाश्रम सञ्चालनका लागि गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट रु १२ लाख र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट रु २० लाख आर्थिक सहयोग प्राप्त भएको उहाँको भनाइ थियो। उहाँले आश्रममा आश्रित छ ज्येष्ठ नागरिकले अहिलेसम्म पनि नागरिकता नपाउँदा राज्यले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ताबाट वञ्चित रहेको बताउनुभयो।

अक्षयकोषदाता परिवारका सदस्य राजीव बाटाजुले आमाबुबाले ५० औं वैवाहिक वार्षिकोत्सवका अवसरमा आश्रममा अक्षयकोष स्थापना गर्नुभएकामा खुशी व्यक्त गर्दै आवश्यकताअनुसार आगामी दिनमा आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# गाईजात्रा : थाकेको शरीरमा ऊर्जा भर्ने बागलुङको ‘लाखे नाच’

–तारानाथ आचार्य
बागलुङ, ७ भदौ (रासस)

हा...हो....इ..गाई भैँसीलाई किलो दाम्लो...

बाखरीलाई खोर साईंलो...

बारीमा लगाएको कोदो गोडमेल गर्ने बेला दक्षिण बागलुङका गाउँमा सुनिने भदौरे गीत हो यो। भदौरे गाउँदै कोदो गोडमेल सकेपछि किसान धानखेतको गोडमेलमा लाग्छन्। स्थानीय भाषामा धानखेतको बुट्टा (साझ जङ्गलका ससाना मुना) फालेपछि याद आउँछ बलेवाको लाखे नाच अर्थात् गाईजात्रा। यहाँ आज गाईजात्राका दिन गरिने नाच हो लाखे नाच।

तिथिका आधारमा हुने हिन्दू संस्कारका चाडपर्व। चाडपर्वसँग जोडिएका लाखे नाच र गाईजात्रा अधिकांश वर्षमा खेतबारीको काम सकेपछि सुरु हुन्छन्। बर्खाको समयमा खेती लाउने कठिन काम, थाकेको शरीर, शिथिल मानसिकतालाई ऊर्जा भर्ने पर्वका रुपमा बलेवामा लाखे नाच गर्ने गरिन्छ। देशभर गाईजात्रा मनाइने आजकै दिन यहाँ गरिने यो नाच पनि एक किसिमको गाईजात्रा नै हो। “घरको काम सकेपछि बलेवा चौरमा लाखे नाचेको हेर्न र गाईजात्रा हेर्न वरिपरिका गाउँबाट भीड नै लाग्थ्यो”, बाल्यकाल सम्झँदै नारायणस्थानका वडाध्यक्ष चक्रबहादुर खत्री भन्नुहुन्छ, “उ बेलाको मनोरञ्जन लिने भनेकै यिनै नाच थिए, साथीभाइ भेट्ने थालो बन्थे, अहिले जस्तो सञ्चारका साधन, युटुब र मोबाइल थिएनन्, रमाइलो गर्न सबै काम छोडेर चौरमा जम्मा भइन्थ्यो।” गाईजात्रा र लाखे नाचेको हेर्न पल्टनबाट फर्किएको स्मरण गर्नुहुन्छ खत्री।

बागलुङ नगरपालिका-१४ नारायणस्थानमा नेवार हटिया छ। नेवार समुदायले व्यापार गर्ने थलोलाई हटिया भनिन्छ। भक्तपुरबाट देशका विभिन्न ठाउँमा छरिएका नेवार समुदाय जस्तै बलेवामा पनि भक्तपुरबाटै आएका हुन्। नेवार समुदायसँग जोडिएको लाखे नाच र गाईजात्रा बलेवा क्षेत्रका पनि संस्कृति हुन्।

प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन मनाइने परम्परागत सांस्कृतिक पर्व ‘गाईजात्रा’ आजदेखि सुरु भएको छ। तर यस वर्ष भने बलेवामा नै कोरोना ‘हट स्पट’ बनिरहेकाले न लाखे नाच भयो र नत गाईजात्रा नै।

एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा आजका दिन यहाँका नेवार समुदायले गाई वा बाँसको डोकोलाई गाईका रूपमा सिँगारी नारायणस्थानमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने परम्परा छ। मृतक पुरुष भएमा पुरुषको पहिरन लगाएर बहर र महिला भएमा महिलाका पहिरन लगाएर गाई निकाल्ने प्रचलन छ।

पहिले पहिले गाई र बहर नै निकाल्ने यहाँका नेवार समुदायले पछिल्लो सयम भने बाँसको डोकोलाई गाईको स्वरुप मान्ने गरेका छन्। यसरी परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ। देशभरका नेवार समुदायको जस्तै बलेवाका नेवार समुदायको पनि मृतकका घरबाट गाई निकाल्ने समान संस्कृति रहेको नारायणस्थानका समाजसेवी नगेन्द्रध्वज श्रेष्ठ बताउनुहुन्छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन ‘जनतालाई आआफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनु’ भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ। भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा बलेवामा नाग नागिनी नाच, झुमा नाच र अन्य प्रहसनसमेत गर्ने चलन छ। “गाईजात्रामा ठट्टा गरिन्छ, मृत्यु भएका परिवारका लागि सान्त्वना दिन गाईजात्रामा सामेल सबैले रमाइलो गर्ने चलन हाम्रोमा छ”, बलेवाको नेवार समुदायका अगुवा हरिकुमार श्रेष्ठले भन्नुभयो, “अन्यत्रकोभन्दा हाम्रोमा नाच गान र व्यङ्ग्यको प्रकृति फरक छ।” अष्टमीका दिन रोपाइँ नाच नाचेपछि गाईजात्रा विधिपूर्वक समाप्त हुन्छ। तत्कालीन बलेवा कोटमा पर्ने गाउँमा भदौको पहिलो मङ्गलबार हरेलो (भूमि पूजा) गर्ने चलन छ। यहाँका नेवार समुदायले नचाउने लाखे हरेलोदेखि तीजको दिनसम्म पर्वका समयमा नचाउने नेवारी परम्परा रहेको नेवार समुदायका युवा नारायण श्रेष्ठले बताउनुभयो।

“हरेलो, जनैपूर्णिमा र तीजमा पनि लाखे नचाउने चलन थियो रे”, श्रेष्ठ भन्नुभयो, “पछि तीजमा गाउने नाच्ने संस्कृति जुधेपछि तीजको दिन लाखे नाच्न छोडेको बुवाले सुनाउनुभएको थियो।” शहरमा नेवार समुदायको संकृतिका रुपमा मात्रै रहेको भए पनि बलेवामा भने संस्कृतिसँगै पुराना पुस्ताको मनोरञ्जनको थलो गाईजात्रा र लाखे नाच भएको श्रेष्ठ बताउनुहुन्छ। सांस्कृतिकरुपमा हुने पूजाआजा र गाईजात्राबाहेकसँगै गाइने गीत र नाचले बलेवामा रहेको नेवारी संस्कृतिको फरकपन झल्काउँछ।

बलेवाको गाईजात्रा र लाखेनाच हेर्न पुगेर फर्किंदा कैयौं युवायुवती प्रेममा फसेर बिहेबारी हुने गरेका किस्सा पनि पुराना पुस्तामा छन्। यहाँ गाईजात्रा हेर्नका लागि अमलाचौर, पैँयुपाटा, कुश्मीशेरा, पर्वतको फलेवासलगायतका ठाउँबाट गाउँले पुग्छन्।

# बगरफाँटमा खानेपानीको हाहाकार

पोखरापत्र संवाददाता
म्याग्दी, ७ भदौ

बेनी नगरपालिका-२ बगरफाँटमा पहिरोले खानेपानीको मुहान र पाइपलाइन बगाएपछि खानेपानीको हाहाकार भएको छ।

गत असार ७ गते मरुवा, उपल्लो खन्ना र बाङ्खे छहरोमा गएको बाढी तथा पहिरोले मुहान र पाइप लाइन बगाइदिए पछि यहाँका २०८ घर परिवारलाई खानेपानीको चरम समस्या भएको हो। यस बिचमा पाइपको सामान्य मर्मत गरेर केही दिन पानी सञ्चालन गरिएको भए पनि लगातारको वर्षाका कारण ठाउँठाउँमा पहिरो गएर पाइपमा क्षति पुऱ्याए पछि बगरफाँटका बासिन्दा विगत दुई महिनादेखि खोला र कुँवाको पानी पानी बाध्य छन्। गाउँमा रहेका २८ धारामा पानी नआएपछि यहाँका बासिन्दा कुँवा र म्याग्दी नदीको धमिलो पानी उमालेर पिउन बाध्य भएका बेनी-२ बगरफाँटका गोपाल शर्माले बताउनुभयो। सो स्थानमा दुई सय १४ घरधुरी छ।

विसं २०६९ मा बेनी-३ भकिम्ली र बेनी-२ ज्यामरुककोटका सिमानामा पर्ने कोप्रे खोलाको मुहानबाट पानी ल्याई बगरफाँटका २८ धारामा वितरण गरिएको थियो। रु ५४ लाखको लागतमा बगरफाँट खानेपानी तथा सरसफाइ आयोजनाले योजना सम्पन्न गरी गाउँमा खानेपानीको सुविधा उपलब्ध गराएको थियो।

यसपछिवर्षेनीबर्खाकासमयमा बाढी र पहिरोले पाइपलाइनलाई क्षति पुऱ्याउँदा मर्मत गरी पानी सञ्चालन गर्ने गरिएकोमा यस वर्ष भने पाइप लाइन र मुहानलगायत सात ठाउँमा ठूलो पहिरो गएकाले सामान्य मर्मतले मात्र सम्भव नहुने र निरन्तर वर्षा भइरहेकाले मर्मत गर्न नसकिएको आयोजनाका अध्यक्ष कृष्णबहादुर कार्कीले बताउनुभयो।

उहाँका अनुसार अझै केही दिनसम्म समस्या यथावत रहने र वर्षा रोकिएपछि मर्मत अघि बढाइने छ। गाउँका पुछारमा म्याग्दी नदी र शिरानमा आप्रे, उडाइनो, मुलछहरी, कोप्रेझरनालगायतका पानीका आधा दर्जन बढी स्रोत रहेका भए पनि ती पानीका स्रोतलाई व्यवस्थित गर्न नसक्दा यहाँका बासिन्दाले वर्षौंदेखि खाने पानीको समस्या झेल्दै आएका छन्।

# बर्खे आलु कुहियो

पोखरापत्र संवाददाता
बागलुङ, ७ भदौ

बर्खे आलु कुहिन थालेपछि बागलुङका किसान चिन्तामा छन्। राम्रो उत्पादन हुने भए पनि फलेको आलु बजार नपुऱ्याउँदै कुहिन थालेकाले उनीहरूमा चिन्ता बढेको हो।

ताराखोला, भकुण्डे, जैमिनीको दमेक, काठेखोला गाउँपालिकाको धम्जा,लगायत स्थानका आलु औसतभन्दा धेरै कुहिनाका साथै ढोरपाटन, निसीखोला र अन्य उच्च पहाडमा फलेको आलुमा समेत असर पर्न थालेको कृषि ज्ञान केन्द्रले जनाएको छ। यहाँका अधिकांश किसानको मुख्य खेती नै आलु हो। शीतभण्डार नहुँदा बर्खे बालीमा क्षति व्यहोर्नु परेको जैमिनी नगरपालिका-३ उपल्लो दमेकका किसान वेद छन्त्यालले बताउनुभयो। “प्रत्येक घरले कम्तीमा ३० मुरी आलु उब्जाउ गर्छन्, यो वर्ष त्रिलोचन सापकोटाले ८० मुरी उत्पादन गर्नुभयो”, उहाँले भन्नुभयो, “आलु उत्पादन राम्रो भए पनि व्यवस्थित शीतभण्डार नहुँदा कुहिन थालेको छ।” झण्डै १० टन आलु कुहिएपछि खाडल खनेर गाडिएको छ। यस वर्ष भकुण्डेको आलु धेरै कुहिएको छ। त्यहाँका किसानले अन्नसँग आलु सटही गर्छन् भने केहीले आलु बिक्री गरेर अन्न भित्र्याउछन्। “यस वर्ष आलु धेरै नै कुहियो”, किसान यामबहादुर थापाले भन्नुभयो, “हाम्रो त मुख्य पेशा नै यै हो, आलु बिग्रिए छाक टर्दैन।”

वर्षा धेरै भएकाले आलुमा क्षति व्यहोर्नु परेको केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो। “पहिलो कुरा ड्याङ बनाएर किसानले आलु लगाउँदैनन्, समथर जमिनमा लगाएको आलुमा पानी धेरै हुन्छ र कुहिन्छ”, उहाँले भन्नुभयो, “वर्षा धेरै हुँदा पानी तर्काउनुपर्ने हो, किसानलाई सबै ज्ञान दिलाउन सकिएको छैन्।” फसल लगाएपछि भण्डारणमा त्रुटि हुँदा पनि आलु कुहिने हुन्छ।

उहाँले भन्नुभयो, “छायाँपर्ने ठाउँमा राम्रोसँग सुकाएर मात्रै आलुको भण्डार गर्दा क्षति हुने सम्भावना कम हुन्छ। अघिल्लो वर्ष डढुवा रोग लागेको आलुको बीउ लगाए कुहिन्छ भन्ने कुराको ख्याल किसानले नगरेकाले जिल्लाभर यस्तै समस्या देखिएको छ।” आलुबालीमा भएको क्षतिका सम्बन्धमा जैमिनी नगरपालिकाको कृषि शाखाले चासो देखाएको छ।

“शीत भण्डारकै कारण आलु कुहिएको हो भन्न सकिन्न, प्राविधिक त्रुटि होलान्”, कृषि प्राविधिक रविन्द्र शर्माले भन्नुभयो, “पकेट क्षेत्रमा शीतभण्डार निर्माणका लागि प्रस्ताव गरेका छौं, स्वीकृत भएमा अर्को वर्ष शीतभण्डार बन्छ।” सङ्घ, प्रदेश र पालिकाको साझेदारीमा शीतभण्डार निर्माण गर्ने गरी प्रस्ताव तयार भएको उहाँको भनाइ थियो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९३/१२/०१ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/२८ गते

स्वः देवीरमण न्यौपाने

यस माटेपानी टोल विकास संस्था पोखरा-१२ को सदस्य श्री केसरीरमण न्यौपानेज्यूको परम पुजनीय पिता पूर्व राष्ट्रिय पञ्चायत सदस्य, पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य निडर कर्मठ शिक्षाप्रेमी सामाजिक अभियन्ता यस संस्थाका अभिभावक **देवीरमण न्यौपाने** को ८५ वर्षको उमेरमा भएको असामयीक दुःखद निधनले यस संस्था अत्यान्तै स्तब्ध र मर्माहत भएको छ। उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी सतत् कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

मिना गुरुङ
सचिव

तथा

शिव कुमारी लामिछाने
अध्यक्ष

माटेपानी टोल विकास संस्था परिवार
पोखरा-१२, माटेपानी